दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १४० | बुटवल | २०८३ जेठ ०६ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday May 20, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

सेवाग्राही मैत्री सेवा, सुशासनको आधार

- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौ,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

# वरिष्ठताको परम्परा मिच्दै प्रधानन्यायाधीशमा शर्मा नियुक्त

**लुम्बिनी संवाददाता**

*बुटवल*



प्रधानन्यायाधीशमा डा. मनोज शर्मा नियुक्त भएका छन् मंगलबार बसेको संसदीय सुनवाइ समितिको बैठकले उनको नाम अनुमोदन गरेको हो । समितिले मंगलबार नै सुनुवाइ गरेको हो ।

सुनुवाइ सकिएपछि समितिले प्रधानन्यायाधीशमा शर्माको नाम अनुमोदन गर्ने निर्णय गरेको हो । संवैधानिक परिषद्ले न्याय परिषद्ले पठाएका ६ जनाको नाम मध्ये हाल सर्वोच्च अदालतमा चौथो वरीयतामा रहेका न्यायाधीश शर्मालाई प्रधानन्यायाधीश बनाउने निर्णय गरेको थियो ।

संवैधानिक परिषद्ले विगतको वरिष्ठताक्रमको परम्परा मिच्दै शर्माको नाम सिफारिस गरेपछि न्यायालयको स्वतन्त्रता र स्वच्छतामाथि प्रश्न उठाउँदै नेपाल बार लगायतकाले विरोध पनि गरिरहेका छन् । सर्वोच्च अदालतमा वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल छिन् । वरीयताक्रममा उनी नै प्रधानन्यायाधीश हुने आकांक्षी थिइन् ।

सरकारले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी गरेर प्रधानमन्त्रीले चाहेको व्यक्तिलाई अनुमोदन गर्नका लागि सहजता हुने वातावरण तयार गरेको थियो । ६ सदस्यीय संवैधानिक परिषद्मा ३ जनाले नै पनि निर्णय गर्न सक्ने प्रावधान अध्यादेशमा राखिएको थियो । त्यही अध्यादेश आएपछि संवैधानिक परिषद्ले बैठक गरी शर्माको नाम सिफारिस गरेको थियो ।

शर्माको नाम सिफारिसप्रति प्रमुख विपक्षी दलका नेता भिष्मराज आङ्देम्बे र राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहालले असहमति राखेका थिए । संवैधानिक परिषद्का २ सदस्यको असहमतिकाबीच शर्माको नाम संवैधानिक परिषद्बाट निर्णय भएको थियो । शर्मा उक्त पदका लागि आवश्यक न्यूनतम संवैधानिक योग्यतामै प्रश्नलगायत १६ वटा उजुरी परेको थियो ।

पाल्पाका भेषराज लुइँटेलले समितिमा निवेदन दिँदै डा. शर्मा सर्वोच्च अदालतको न्यायाधीश नियुक्त हुँदा नै आवश्यक मापदण्ड पूरा नभएको दाबी गरेका थिए । उजुरीमा नेपालको संविधान बमोजिम सर्वोच्च अदालतको न्यायाधीश हुन उच्च अदालतको न्यायाधीशका रूपमा ५ वर्ष काम गरेको वा कम्तीमा १५ वर्ष निरन्तर कानुन व्यवसाय गरेको हुनुपर्ने अनिवार्य व्यवस्था रहेको उल्लेख छ । तर, डा. शर्मा २०७० सालमा उच्च अदालतको अस्थायी न्यायाधीश नियुक्त भई २०७२ मा पदमुक्त भएको र सो अवधि ५ वर्ष नपुगेको जिकिर गरिएको थियो ।

त्यस्तै, २०५९ देखि २०६१ सम्म भारतमा अध्ययनरत रहेको र बीचमा न्याय सेवामा प्रवेश गरेका कारण उनको कानुन व्यवसायमा पनि १५ वर्षको 'निरन्तरता' नरहेको दाबी उजुरीकर्ताको थियो ।

संवैधानिक योग्यता नै नपुगेको व्यक्ति सर्वोच्चको न्यायाधीश हुँदै प्रधानन्यायाधीशको रोलक्रममा आउनु संविधानको मर्म र भावनाविपरीत भएको भन्दै लुइँटेलले डा. शर्माको नियुक्तिसम्बन्धी सम्पूर्ण अभिलेख झिकाई छानबिन गर्न समितिसमक्ष माग गरेका थिए ।

डा. मनोज शर्माले सुनुवाइका क्रममा सांसदहरूले सोधेका प्रश्नको फितलो जवाफ दिएका छन् । मंगलबार दिउँसो सिंहदरबारमा शर्माको संसदीय सुनुवाइ भएको थियो । संसदीय सुनुवाइबाट सर्वसम्मत प्रधानन्यायाधीशमा अनुमोदन भए पनि उनले सांसदहरूका प्रश्नको लटरपटर जवाफ दिएका हुन् । डा. शर्माविरुद्ध सुनुवाइ समितिमा परेका १६ उजुरी र ती उजुरीमा आधारित रहेर सांसदहरूले प्रश्न सोधेका थिए ।

सुनुवाइका क्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद दीपक बोहोरा, राजीव खत्री, मधु चौलागाई, कवीन्द्र बुर्लाकोटी र लेखजंग थापाले प्रश्न सोधे । एमालेका प्रेमप्रसाद दंगाल, पद्मा अर्याल र नरबहादुर विष्टले पनि प्रश्न सोधे । सांसदहरूले डा. शर्मालाई एनसेल करमा जरिवाना विवाद, बार बेञ्च द्वन्द्व, रिट दर्ता र दरपिठ किन रोकेको, वरिष्ठता विवाद, नेपोबेबी, विद्यावारिधि थेसिस र विकृति बिचौलिया रोक्ने के के योजना छन् भन्ने प्रश्न गरेका थिए ।

यस्तै सङ्क्रमणकालीन न्यायबारे नेपाली कम्युनिस्ट पार्टीका सांसद वर्षमान पुन र रास्वपा सांसद कवीन्द्र बुर्लाकोटीले प्रश्न सोधेका थिए । उक्त प्रश्नको जवाफमा शर्माले अदालतमा विचाराधीन मुद्दा भएकाले जवाफ नदिने बताए । उनले भने- 'सङ्क्रमणकालीन न्यायसम्बन्धी मुद्दा अदालतमा विचाराधीन छ । यसबारे मैले नै पनि फैसला गर्नुपर्ने हुनसक्छ । त्यो बेला नै विचार बनाउनुपर्छ । त्यसैले यहाँ जवाफ दिन उपयुक्त देखिएन ।'

यस्तै एनसेल करमा जरिवाना विवादमा डा. शर्माले फैसलाको बचाउ गर्दै हिँड्नु न्यायिक मर्यादा अनुकूल नहुने बताए । तर समितिमै उजुरीको रूपमा प्रश्न उठेपछि स्पष्ट पार्नु कर्तव्य भएको भनेर जवाफ दिएका थिए ।

'एनसेलको मुद्दामा दुई किसिमका कर र जरिवाना जोडिएका थिए । आयकर ऐनको दफा १२० (क) र (ख) बमोजिम झुटा विवरण पेस गरेको वा कर छलेको अवस्थामा 'क्रिमिनल लायबिलिटी' (फौजदारी दायित्व) अन्तर्गत कडा जरिवाना र कैदको समेत प्रावधान हुन्छ ।'- डा. शर्माले सांसदहरूका प्रश्नको जवाफ दिँदै भने ।

उनले फैसला गर्ने बेलामा झुटा विवरण पेस गरेको छ या छैन हेर्नु पर्ने बताए । त्यहाँ एनसेलले आफैं कुनै झुटा विवरण पेस गरेको वा कर छलेको अवस्था नरहेकाले कानुन र स्थापित न्यायिक सिद्धान्तबमोजिम फौजदारी दायित्व अन्तर्गतको जरिवाना (कुल रकमको केही प्रतिशत) मात्र हटाइएको बताए ।

बार-बेन्च द्वन्द्वबारेको प्रश्नमा डा. शर्माले कुनै द्वन्द्व छैन भन्ने हल्का जवाफ दिए । अदालतको प्रशासन र बारबीच वातावरण असमझदारीपूर्ण देखिएको उनको भनाइ थियो । रिट दर्ता र दरपिठ किन रोकेको भन्ने प्रश्नमा उनले मौखिक आदेश दिएर रिट दर्ता वा दरपिठ रोकेको भन्ने आरोप पूर्णतः सत्य नभएको बताए । रिट दर्ता गर्ने वा दरपिठ गर्ने काम विशुद्ध प्रशासनिक कार्य भएकाले त्यो काममा मुख्य रजिस्ट्रार र रजिस्ट्रारहरू आफ्नो विवेक प्रयोग गर्न पूर्ण रूपमा स्वतन्त्र रहने शर्माले बताए । न्याय प्रशासनको क्षेत्राधिकारमा हुने काममा आफ्नो हस्तक्षेप नहुने उनले जनाए ।

वरिष्ठताको वरीयता मिचिएको प्रश्नमा डा. शर्माले संविधानले प्रधानन्यायाधीशको पदलाई 'बढुवा' को रूपमा नभई 'नियुक्ति' को रूपमा व्याख्या गरेको भन्दै वरिष्ठता मात्रै एकमात्र बलियो आधार हुन नसक्ने बताए । यस विषयमा त्यो भन्दा थप बढी नबोल्ने उनको भनाइ थियो ।

नेपोबेबीबारेको प्रश्नमा शर्माले आफू कुनै पारिवारिक नाताका कारण नभई योग्यता र क्षमताले तत्कालीन पुनरावेदन अदालत हुँदै सर्वोच्चसम्म पुगेको बताए । पारिवारिक नाता भएकै कारण कोही व्यक्ति पदका लागि अयोग्य हुन्छ भन्ने कानुनी वा न्यायिक मान्यता कतै नरहेको भन्दै डा. शर्माले मानिसहरूले यसबारे बनाएको एउटा धारणा मात्र रहेको जनाए ।

विद्यावारिधिमा ल क्याम्पसका प्राध्यापकले विद्यावारिधिको थेसिस लेखिदिएको भन्ने दाबी र चोलेन्द्र शमशेरका भतिजोसँग ७० लाखको लेनदेन गरी मुद्दा हारेपछि रकम फिर्ता गरेको भन्ने उजुरीहरू पूर्णतः निराधार र मनगढन्ते रहेका शर्माले बताए । आफूलाई बदनाम गराउन यी विषय बाहिर ल्याइएको उनको भनाइ थियो ।

## सरकारको बेवास्ताले अधिकारकर्मी रुवी खानको स्वास्थ्य जटिल



बुटवल । विभिन्न घटनासम्बन्धी आफ्ना माग राख्दै २२ दिनदेखि आमरण अनशनमा रहेकी महिला अधिकारकर्मी रुवी खानको बिग्रँदो स्वास्थ्य अवस्थाप्रति मानवअधिकार रक्षकहरूले गम्भीर ध्यानाकर्षण जनाएका छन् । उनीहरूले सम्बन्धित पक्षलाई संवादमार्फत समाधान खोज्न आग्रह गरेका छन् ।

मानव अधिकार रक्षकहरूको टोलीले आइतबार नेपालगञ्जस्थित सञ्जीवनी अस्पताल पुगेर उपचाररत खाँनको स्वास्थ्य अवस्थाबारे जानकारी लिएको जनाएको छ । टोलीले उपचारमा संलग्न चिकित्सक, महिला अधिकार मञ्चका पदाधिकारी तथा खाँनसँग भेटघाट गरी उनले उठाएका माग र स्वास्थ्य अवस्थाबारे छलफल गरेको थियो ।

भेटका क्रममा खाँनलाई नुनिलो पानी (स्लाइन वाटर) दिइरहेको अवस्थामा पाइएको र लामो समयदेखिको अनशनका कारण स्वास्थ्य अवस्था थप जटिल बन्न सक्ने जोखिम रहेको चिकित्सकहरूले बताएका छन् ।

» बाँकी ३ पेजमा

## दुर्गा प्रसाईं तीन दिन थुनामा



बुटवल । दुर्गा प्रसाईंमाथि अनुसन्धान गर्न प्रहरीले थप तीन दिनको अनुमति पाएको छ । सोमबार राति वीरगञ्जस्थित होटल सिद्धार्थ दियालोबाट पक्राउ परेका प्रसाईंलाई मंगलबार पर्सा जिल्ला अदालतमा उपस्थित गराएर म्याद लिइएको हो ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार सामाजिक सञ्जालमार्फत् उत्तेजक अभिव्यक्ति दिएको, सामाजिक सद्भावमा असर पर्ने गतिविधि सञ्चालन गरेको तथा राज्यविरुद्ध उक्साउने प्रकृतिका गतिविधिमा संलग्न रहेको भन्ने उजुरीका आधारमा उनीमाथि अनुसन्धान अघि बढाइएको छ ।

प्रसाईंमाथि विद्युतीय कारोबार ऐन तथा सार्वजनिक शान्तिविरुद्धको कसुरअन्तर्गत अनुसन्धान भइरहेको जनाएको छ । अनुसन्धानका क्रममा उनका अभिव्यक्ति, सार्वजनिक कार्यक्रम तथा सामाजिक सञ्जाल गतिविधिबारे थप विवरण संकलन भइरहेको जिल्ला प्रहरी कार्यलय पर्साका प्रहरी प्रवक्ता हरिबहादुर बस्नेतले बताए ।

## विस्थापित सुकुम्वासी परिवारलाई २५ हजार दिइने



बुटवल । सरकारले काठमाडौं उपत्यकाका नदी किनारमा रहेका जोखिमयुक्त बस्ती हटाउँदा विस्तापित भएका परिवारलाई प्रति परिवार एकमुष्ट २५ हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ ।

मंगलबार दिउँसो बसेको मन्त्रिपरिषद् बैठकले पुनर्स्थापना खर्चबापत सो रकम उपलब्ध गराउने निर्णय गरेको सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिए । 'काठमाडौं उपत्यका नदी किनारमा रहेका जोखिमयुक्त बस्ती हटाउँदा विस्थापित हुने व्यक्तिहरूको विवरण रुजु गरी प्रति परिवार पुनर्स्थापना खर्चबापत रु २५ हजार एकमुष्ट रुपमा प्रदान गर्ने ।'- मन्त्रिपरिषद्को निर्णय सुनाउँदै उनले भने ।

सरकारले जोखिमयुक्त बस्तीबाट हटाइएकाहरूलाई वैकल्पिक बसोबास व्यवस्था आफैं गर्न प्रोत्साहनका लागि राहत रकम उपलब्ध गराउने निर्णय गरेको हो । मंगलबार दिउँसो बसेको मन्त्रिपरिषद् बैठकले वैकल्पिक बसोबासको व्यवस्था आफैं गर्ने प्रोत्साहित गर्न ५ सदस्यीय भएको प्रति परिवार राहत रकम रु १५ हजार (प्रतिमहिना) तीन महिनासम्मका लागि उपलब्ध गराउने निर्णय गरेको हो ।

त्यस्तै, ५ भन्दा बढी सदस्य भएको परिवारका लागि प्रतिसदस्य २ हजारका दरले तीन महिनाका लागि सो रकम उपलब्ध गराउने निर्णय भएको सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिए ।

'जोखिमयुक्त बस्तीबाट हटाइएकाहरूलाई वैकल्पिक बसोबासको व्यवस्था आफैं गर्न प्रोत्साहित गर्न ५ सदस्यीय भएको प्रति परिवार राहत रकम रु १५ हजार (प्रतिमहिना) र सो भन्दा बढी सदस्यका लागि प्रतिसदस्य थप २ हजार प्रतिमहिनाको दरले हाललाई तीन महिनाका लागि बसोबास खर्च उपलब्ध गराउने ।'- निर्णयमा भनिएको छ ।

त्यस्तै, वृद्ध, अशक्त, असाहय तथा आफ्नो व्यवस्था गर्न नसक्ने व्यक्ति तथा परिवारलाई तोकिएको होल्डिङ सेन्टरमा व्यवस्था गर्ने निर्णय भएको पनि उनले बताए । बालबालिका तथा विद्यार्थीको पठनपाठन, तथा विद्यालय र स्वास्थय सेवाको सुनिश्चितता स्थानीय तहको समन्वयमा गर्ने निर्णय पनि मन्त्रिपरिषद् बैठकले गरेको उनले बताए ।

## पोखराबाट पहिलोपटक भारतमा सिधा उडान



बुटवल । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट पहिलो पटक भारततर्फ सिधा उडान भएको छ । मुक्तिनाथ दर्शन गरेर फर्किने क्रममा बिरामी परेका भारतको मध्य प्रदेश, भोपालका गोपाल शम्भु दयाल श्रीवास्तवलाई मेडिकल चार्टरमार्फत् भारत लगिएको हो ।

आइतबार मुक्तिनाथबाट फर्किँदा मुटु र फोक्सोमा समस्या देखिएपछि उनलाई पोखरास्थित चरक मेमोरियल अस्पतालमा भर्ना गरिएको थियो ।

चरक मेमोरियल अस्पतालका प्रबन्ध निर्देशक कपिल पोखरेलका अनुसार डा. राज बस्नेत र सरोज अर्यालसहितको स्वास्थ्यकर्मीको टोली लिएर श्री एयरलाइन्सको जहाजले दिउँसो ३ बजेर ९ मिनेटमा भोपालका लागि उडान भरेको हो । उक्त जहाज भारतको राजा भोज विमानस्थलमा अवतरण गर्नेछ ।

भारतका केन्द्रीय कृषि तथा ग्रामीण विकासमन्त्री एवम् मध्य प्रदेशका पूर्वमुख्यमन्त्री शिवराज सिंह चौहान र बिरामीको परिवारको समन्वयमा श्री एयरलाइन्सको यो चार्टर उडान तय भएको हो । मुक्तिनाथ दर्शनका लागि आएका श्रीवास्तव मन्त्री चौहाननिकट रहेका कारण उच्चस्तरको समन्वयमा जहाजमार्फत् भारत लैजाने अनुमति प्राप्त भएको प्रबन्ध निर्देशक पोखरेलले बताए । चौहान सन् २०२४ को लोकसभा निर्वाचनपछि भारतको संघीय मन्त्रिपरिषद्मा कृषिमन्त्री छन् ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख जगन्नाथ निरौलाका अनुसार पोखराबाट भारतका लागि उडान भएको यो पहिलो पटक हो ।

१७ पुस २०७९ मा उद्घाटन भएको यस विमानस्थलबाट यसअघि चीन र भुटानलगायतका देशमा चार्टर उडान भइसकेका छन् ।

विमानस्थल निर्माण सम्पन्न हुनुपूर्वदेखि नै पोखराबाट सिधा उडानका लागि भारतसँग छलफल भए पनि भारतले अनुमति दिएको थिएन । प्रधानमन्त्रीदेखि परराष्ट्रमन्त्रीसम्मको भारत भ्रमणका क्रममा पोखरा विमानस्थलबाट उडानको एजेन्डाले प्राथमिकता पाउने गरे पनि भारत यसमा सकारात्मक बनेको थिएन ।

» बाँकी ३ पेजमा

हार्दिक बधाई लुम्बिनीका सफल रत्नहरुलाई



निर्भिक ज्ञवाली(GPA 4)



आर्जना पाण्डे(GPA 4)

राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गरेको (SEE) २०८२ मा उच्चतम ग्रेड GPA 4 हासिल गर्ने २ जना प्रतिभाशाली विद्यार्थीहरू निर्भिक ज्ञवाली र आर्जना पाण्डे लगायत १० जना A+,१७ जना A र ६ जना B+ सहित शतप्रतिशत नतिजा ल्याउन सफल सम्पूर्ण विद्यार्थीहरूलाई हार्दिक बधाई तथा उज्ज्वल शैक्षिक भविष्यको शुभकामना व्यक्त गर्दछौं । यस उपलब्धिका निम्ति अहोरात्र परिश्रम गर्ने आदरणीय शिक्षकगण, समर्पित कर्मचारीहरू तथा सबै अभिभावकवृन्दमा समेत हार्दिक आभार प्रकट गर्दछौं ।

लालहरि पाण्डे
प्राचार्य

एवं

दयाराम बस्याल
अध्यक्ष (वि.व्य.स.)

लुम्बिनी बोर्डिङ स्कुल परिवार
बुटवल-०३, सहस्रपथ, रुपन्देही, फोन:०७१-५३६०३२, ९८४७०२४७९२

दैनिक लुम्बिनी

## सम्पादकीय

# रूबीलाई न्याय देऊ

नेपालगञ्ज उपहानगरपालिका-१७, परस्पुरकी एकल महिला निर्मला कुर्मीको २०७७ सालमा अपहरण गरेर हत्या भयो । त्यसअघि १० दिनको फरकमा उनका छोराहरू रामसागर र सुरेशको २०६६ मा रहस्यमय मृत्यु भएको थियो । पति महलु कुर्मीको २०६२ सालमा मृत्यु भएपछि उनको परिवारको चरा बिघा १० कठ्ठा जग्गा हडप्न अनेकौं षड्यन्त्र भएको प्रहरी अनुसन्धानमा खुले पनि अहिलेसम्म अदालतमा मुद्दा लगेर न्याय निरूपण गर्न प्रहरी र सरकारी वकिलको कार्यालयले आलटाल गर्दै आएका छन् । निर्मला कुर्मीको हत्या प्रकरणमा जेलिएको पाटोको अनुसन्धान प्रतिवेदन तयार गरी अभियुक्तलाई कानुनी कारबाहीको दायरामा नल्याएको भन्दै निरन्तर अधिकारकर्मी रूबी खानले अभियान चलाइरहेकी छन् । अहिले उनी आमरण अनशनमा बसेकी छन् । आमरण अनशन बसेको मंगलबार २१औँ दिनसम्म सरकारले कुनै सुनुवाइ गरेको छैन ।

अपराधिक गिरोहको कारण एउटा परिवार कसरी उजाडिन्छ भन्ने एउटा उदाहरण निर्मला कुर्मी प्रकरणलाई लिन सकिन्छ । अपराधमा संलग्नलाई कानुनी कारबाहीमा ल्याउन राज्य कुन हदसम्म निकम्मा र निरिह हुन्छ भन्ने उदाहरण पनि हो । एकजना अधिकारकर्मीको ज्यान जोखिममा छ, तर सरकार पटक्कै सुन्दैन । जथाभाबी चढाइएको औषधिका कारण शरीर एकदमै कमजोर भइसकेको छ । हातका नसाहरू सुकेर भेटिन छाडेकाले खुट्टाबाट स्लाइन पानी दिन थालिएको छ । २०७८ सालदेखि नेपालगञ्ज केन्द्रित आन्दोलन फैलिँदै काठमाडौंसम्म पुग्यो । नेपालगञ्जदेखि पैदल हिँडेर काठमाडौँ पुगेर न्यायको ढोका ढकढकाएकी रूबी पटक-पटक राज्यले गरेका सम्झौता कार्यान्वयन नभएपछि अहिले आमरण अनशन बसेकी हुन् । पछिल्लोपटक २५ साउन २०८१ मा गृह मन्त्रालयका प्रतिनिधिसँग सम्झौता हुँदा तत्काल अनुसन्धान गरी न्याय निरूपणको आश्वासन दिइएको थियो । तर, मुद्दालाई न्यायालयसम्म पुऱ्याउने मनसाय अहिले पनि देखिएन । सरकारले २१ फागुन २०८२ को प्रतिनिधिसभा निर्वाचनलगत्तै मुद्दा अदालत लैजाने आश्वासन दिएको थियो, त्यो आश्वासन पनि कार्यान्वयन भएन ।

१२ बैशाखदेखि जिल्ला प्रशासन कार्यालय, बाँकेको परिसरमा शान्तिपूर्वक धर्ना सुरु भयो । तेस्रो दिन साँझ पाँच बजेतिर हतियारसहितका प्रहरी आएर लछारपछार गर्दै प्रहरी हिरासतमा पुऱ्याए । रूबीलाई सार्वजनिक शान्तिविरुद्धको कसुरमा अनुसन्धानका लागि भनेर प्रहरी कार्यालयमा नै 'जरुरी पक्राउ पुर्जी' दिइयो । अभियुक्त तत्काल भाग्न सक्ने वा प्रमाण नष्ट गर्न सक्ने अवस्थामा मात्रै यस्तो पुर्जी जारी गरिन्छ । हिरासतमा राखिएपछि १५ गतेबाटै उनले आमरण अनशन थालिन । भोलिपल्ट बिहान ८ बजेदेखि मेरो स्वास्थ्यमा समस्या आयो । त्यसपछि भेरी अस्पताल लगियो, चिकित्सकले 'स्लाइन' चढाइदिए । स्लाइनमा भएको औषधिको विवरण दिन उनले आग्रह गरिन तर दिइएन । त्यसपछि भेरी अस्पतालमा बस्न छाडेर प्रहरी नियन्त्रणमै रहेर सञ्जीवनी मेडिकल कलेजमा अनशन बस्दै आएकी रूबीप्रति राज्य झनै अनुदार बन्नु सभ्य समाजका लागि चुनौती बनेको छ । न्याय माग्ने एक अधिकारकर्मीमाथि यो हदसम्मको क्रुर व्यवहार गर्ने राज्य कसरी लोकतान्त्रिक हुनसक्छ ?

लोकतन्त्र नारामा लेखेर, नेताले भाषण गरेर मात्रै हुँदैन । संविधान र कानुनमा उल्लेख भएर मात्रै पनि हुँदैन । लोकतन्त्रको अनुभूति आम नागरिकले गर्न पाउनुपर्छ । नागरिकको जीवनपद्दती बन्नुपर्छ । निर्मला कुर्मीहरु अन्यायमा परे, न्याय देऊ भनेर चिच्याइरहने रूबी खानहरुप्रति जब राज्यले क्रुर र बर्बर व्यवहार गर्छ, लोकतन्त्र जीवित भेटिन्न । लोकतन्त्रलाई जीवित भएको प्रमाण दिने हो भने रूबीलाई न्याय देऊ ।

# वैचारिक संघर्षको मोडमा एमाले–प्रतिरक्षाबाट पुनर्जागरणतर्फ



**टेकराज पौडेल**

अर्थमन्त्री स्वर्णिम वाग्लेको नीति-दृष्टिकोणलाई लिएर पनि धेरैको अनुमान यही छ कि आगामी नीति, कार्यक्रम र बजेट निजी पुँजी, बजार विस्तार र नवउदारवादी अर्थतन्त्रतर्फ बढी झुकेको हुनेछ । किसान, श्रमिक, सुकुम्वासी र निम्नवर्गीय जनताको जीवनस्तर उकास्नेभन्दा आर्थिक संरचनालाई पुँजीमैत्री बनाउने प्रवृत्ति बलियो हुन सक्ने आशंका व्यक्त भइरहेको छ ।

पूर्व प्रधानन्यायाधीश तथा निवर्तमान प्रधानमन्त्री सुशीला कार्कीको पछिल्लो सार्वजनिक अभिव्यक्तिले नेपालको वर्तमान राजनीतिक दिशामाथि गम्भीर बहस जन्माएको छ । उहाँको भनाइबाट एउटा स्पष्ट संकेत निस्कन्छ–वर्तमान प्रधानमन्त्रीको राजनीतिक प्राथमिकता केवल सरकार सञ्चालनमा सीमित छैन, बरु एमाले अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक प्रभावलाई कमजोर पार्ने र ओलीसँग जोडिएका नीति, योजना तथा संरचनालाई क्रमशः निष्प्रभावी बनाउने दिशामा केन्द्रित देखिन्छ ।

पछिल्ला घटनाक्रमलाई एकै ठाउँमा राखेर हेर्दा यो प्रश्न अझ प्रखर बन्छ । एमालेको पार्टी मुख्यालय भत्काउने प्रसंग, केपी ओलीलाई पक्राउ गर्नुपर्ने माग, २०६२/६३ सालयताका राजनीतिक निर्णयहरूको छानबिनलाई विशेष रूपमा ओलीतर्फ मोडिनु र सार्वजनिक रूपमा ओलीविरोधी भाष्यको निरन्तर पुनरावृत्ति–यी सबैलाई धेरैले सामान्य दलगत प्रतिस्पर्धा मात्र मानेका छैनन् । एउटा धारणा यस्तो पनि छ कि अहिलेको सत्ताको मनोविज्ञान मूलतः एमाले र विशेषतः ओलीविरोधी रेखामा उभिएको छ ।

यही पृष्ठभूमिमा ०८२ भदौतिर देखिएको राजनीतिक अस्थिरता र युवा-केन्द्रित आन्दोलनलाई पनि कतिपयले सामान्य स्वतःस्फूर्त विस्फोटका रूपमा मात्र हेरेका छैनन् । "जेनजी" भनेर चिनिएका युवाहरूलाई राजनीतिक उर्जा, असन्तोष र भावनात्मक उत्तेजनाको माध्यम बनाएर एउटा नयाँ शक्ति-समीकरण निर्माण गर्ने प्रयास भएको थियो कि भन्ने प्रश्न अझै मरेको छैन ।

यससँग जोडेर अर्को गहिरो बहस भूराजनीतिक पक्षको पनि छ । नेपालजस्तो भूरणनीतिक रूपमा संवेदनशील देशमा बाह्य शक्तिहरूको रुचि र प्रभाव सधैं रहँदै आएको छ । केही विश्लेषकहरूको धारणा छ कि पश्चिमी शक्तिहरूले कम्युनिस्ट राजनीतिक शक्तिलाई सहज रूपमा स्वीकार गर्दैनन्, विशेषतः जब ती शक्ति राष्ट्रवादी भाष्य, राज्यको स्वायत्तता र आत्मनिर्भर आर्थिक दिशासँग जोडिन्छन् ।

यही कोणबाट हेर्दा गत भदौको आन्दोलनमा अमेरिकन युथ काउन्सिल, बारबरा फाउन्डेसनजस्ता नामहरू सार्वजनिक बहसमा आउनु, रास्वपामा देखिएको केही नयाँ शक्ति-समूहको उदय, अमेरिकाले सहयोग गरेका तिब्बती आन्दोलनसँग सम्बन्धित गतिविधिहरू, तथा चीनप्रति आलोचनात्मक संकेतहरूलाई पनि कतिपयले एउटा ठूलो रणनीतिक परिप्रेक्ष्यमा राखेर पढ्ने गरेका छन् । यी सबै दाबीहरू अन्तिम निष्कर्ष होइनन्, तर प्रश्नहरू अवश्य हुन् ।

अन्तर्राष्ट्रिय राजनीतिमा चीनलाई घेराबन्दी गर्ने रणनीतिबारे लामो समयदेखि चर्चा हुँदै आएको छ । त्यसको प्रभाव दक्षिण एसियामा पनि देखिने विश्लेषणहरू छन् । नेपालको सन्दर्भमा हेर्दा राष्ट्रवादी, कम्युनिस्ट र तुलनात्मक रूपमा स्वायत्त राजनीतिक शक्ति मानिने नेकपा एमालेलाई कमजोर पार्ने प्रयास हुन सक्छ भन्ने आशंका यतिबेला कतिपय वृत्तमा व्यक्त भइरहेको छ । किनकि एमाले केवल एउटा दल मात्र होइन; राज्यको स्थायित्व, राष्ट्रिय स्वाधीनता र वैचारिक सन्तुलनसँग जोडिएको शक्ति पनि हो ।

तर अहिलेको संघर्ष केवल भू-राजनीतिक वा व्यक्ति-केन्द्रित मात्र छैन । यसको अर्को गहिरो तह अर्थनीतिको हो ।

नेपालमा पुँजीवादी विचारधाराको परम्परागत प्रतिनिधित्व नेपाली कांग्रेसले गर्दै आएको छ । अहिले सत्तामा उदाएको रास्वपा पनि व्यवहारमा पुँजीवादी राजनीतिक धरातलमै उभिएको देखिन्छ । तर आलोचकहरूको एउटा स्पष्ट तर्क छ–रास्वपा कांग्रेसजत्तिको पनि लोककल्याणकारी छैन ।

यो किन भनिन्छ भने, सत्तामा आएको भोलिपल्टैदेखि देखिएको शासकीय शैलीले त्यसको संकेत दिन थाल्यो । सुकुम्वासी बस्तीमाथि डोजर चलाउने, गरिबका झुपडी हटाउने, शहरी सौन्दर्यका नाममा कमजोर वर्गमाथि कठोर प्रशासनिक हस्तक्षेप गर्ने प्रवृत्ति–यी सबैलाई धेरैले राज्यको वर्गीय चरित्रसँग जोडेर हेरे । धनी र सम्पन्न वर्गको सुविधालाई प्राथमिकता दिने, तर गरिबको न्यूनतम आश्रयलाई नै असुरक्षित बनाउने राजनीति लोककल्याणकारी राज्यको होइन, बजारमुखी शहरी पुँजीवादको संकेत हो भन्ने आलोचना बलियो छ ।

अर्थमन्त्री स्वर्णिम वाग्लेको नीति-दृष्टिकोणलाई लिएर पनि धेरैको अनुमान यही छ कि आगामी नीति, कार्यक्रम र बजेट निजी पुँजी, बजार विस्तार र नवउदारवादी अर्थतन्त्रतर्फ बढी झुकेको हुनेछ । किसान, श्रमिक, सुकुम्वासी र निम्नवर्गीय जनताको जीवनस्तर उकास्नेभन्दा आर्थिक संरचनालाई पुँजीमैत्री बनाउने प्रवृत्ति बलियो हुन सक्ने आशंका व्यक्त भइरहेको छ ।

यदि नेपाली कांग्रेस र रास्वपा दुवै एउटै पुँजीवादी धरातलमा उभिएका छन् भने स्वाभाविक प्रश्न उठ्छ–नेपालका गरिब, श्रमिक, किसान र सीमान्तकृत वर्गको वास्तविक राजनीतिक आश्रय कहाँ रहन्छ ?

यही ठाउँमा कम्युनिस्ट राजनीतिको आवश्यकता फेरि बलियो रूपमा उठ्छ । राज्य केवल बजारको संरक्षक होइन, सामाजिक न्यायको वाहक पनि हुनुपर्छ भन्ने विचार नै कम्युनिस्ट दर्शनको मूल हो । लोककल्याणकारी राज्यको अवधारणा, उत्पादनमा श्रमको सम्मान, सामाजिक सुरक्षा, सार्वजनिक सेवा र आर्थिक असमानताको न्यूनीकरण–यी सबै कम्युनिस्ट राजनीतिको केन्द्रमा रहेका प्रश्न हुन् ।

नेपालमा कम्युनिस्ट आन्दोलनको मूलधार एमाले भएकाले यसको पुनर्स्थापना केवल दलगत पुनरुत्थानको प्रश्न होइन; लोककल्याणकारी राज्यको राजनीतिक पुनर्स्थापनाको प्रश्न पनि हो ।

तर यथार्थ के हो भने एमाले अहिले केही हदसम्म गुमनाम देखिन्छ । अझै पनि उसले नयाँ पुस्ताको मनोविज्ञानलाई पर्याप्त गहिराइमा समातेको छैन । आजका युवामा ऊर्जा छ, असन्तोष छ, विद्रोही भावना छ; तर राजनीतिक अर्थतन्त्र, वर्गीय संरचना र राज्यको चरित्रबारे गहिरो प्रशिक्षणको अभाव छ । यही खाली ठाउँलाई अरू शक्तिहरूले आफ्नो अनुकूल प्रयोग गरिरहेका छन् ।

अब एमालेले केवल विगतका उपलब्धिको सूची सुनाएर पुग्दैन । उसले भविष्यको स्पष्ट कार्यक्रम दिनुपर्छ–रोजगारी, कृषि आधुनिकीकरण, राष्ट्रिय उत्पादन, सार्वजनिक शिक्षा, डिजिटल अर्थतन्त्र, सामाजिक सुरक्षा र युवा सहभागितासँग जोडिएको विश्वसनीय योजना ।

आजको मूल प्रश्न यही हो–यदि वर्तमान सत्ता साँच्चै एमाले र केपी ओलीलाई सिध्याउने राजनीतिक अभिप्रायका साथ अघि बढिरहेको छ भने एमालेको जवाफ के हो ?

त्यसको उत्तर केवल प्रतिरोधमा होइन, पुनर्जागरणमा छ । संगठनलाई नयाँ जीवन, विचारलाई नयाँ भाषा, र जनतालाई नयाँ भरोसा दिन सक्यो भने अहिलेको संकट नै एमालेका लागि अवसर बन्न सक्छ ।

इतिहासले बारम्बार प्रमाणित गरेको छ–जब वैचारिक संघर्ष तीव्र बन्छ, त्यही बेला जनताले आफ्नो वास्तविक राजनीतिक आश्रय पुनः खोज्न थाल्छन् । एमालेले अब त्यही क्षणलाई चिन्ने कि गुमाउने–नेपालको आगामी राजनीति धेरै हदसम्म त्यसैमा निर्भर रहनेछ ।

# नेप्से परिसूचक छ दशमलव ५१ अङ्कको गिरावट



काठमाडौँ । धितोपत्र बजारमा शेयर कारोबार मापन नेप्से परिसूचक मंगलबार पनि आरोलो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार, कारोबार मापक नेप्से परिसूचक छ दशमलव ५१ अङ्कले ओरालो लागेर दुई हजार ७२४ दशमलव ३९ मा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ६८ अङ्कले ओरालो लागेर ४६७ दशमलव ३७ मा सीमित भएको छ । कुल ३४६ कम्पनीको ७८ लाख १६ हजार ४७८ कित्ता शेयर रु तीन अर्ब आठ करोड ७७ लाख ३० हजार ९६२ मूल्यमा खरिद-बिक्री भएको छ ।

नेप्सेका अनुसार, सिटी होटल, साहस ऊर्जा, आँखु खोला जलविद्युत् कम्पनी, कर्पोरेट डेभलपमेन्ट बैङ्क र एसवाई नेपाल लिमिटेड कारोबारका आधारमा शीर्ष स्थानमा रहेको छ ।

यसैगरी, कर्पोरेट डेभलपमेन्ट बैङ्क, नेपाल रिपब्लिक मिडिया, दार्माखोला हाइड्रो इनर्जी, ग्लोबल आइएमई ब्यालेन्स फन्ड पहिलो र नेपाल एसबिआई बैङ्कको ऋणपत्रका लगानीकर्ताले कमाएका छन् ।

त्यसैगरी, सिटी होटल, थ्री स्टार हाइड्रोपावर, प्रभु बैङ्कको ऋणपत्र २०८७, झापा इनर्जी र केबिए डिवेञ्चरका लगानीकर्ताले भने गुमाएका छन् ।

# माइग्रेनः कारण, लक्षण र रोकथामका १० उपायहरू

**डा.रामानुज हाथी**

माइग्रेन सामान्य टाउको दुखाइ होइन । यो स्नायु प्रणालीसँग सम्बन्धित एपिसोडिक (बारम्बार हुने तर बीचमा ठिक हुने) समस्या हो ।

यसमा प्रायः टाउकोको एक भागमा तीव्र र धड्किने जस्तो दुखाइ हुन्छ ।

यसका साथै उज्यालो, आवाज र हल्लाप्रति संवेदनशीलता, वाकवाकी र बान्ता जस्ता लक्षणहरू पनि देखिन्छन् ।

विश्वभर टाउको दुखाइका कारणहरूमध्ये माइग्रेन दोस्रो ठुलो कारण हो भने स्नायुसम्बन्धी अपाङ्गता ल्याउने यो पहिलो प्रमुख कारण हो ।

तथ्याङ्क अनुसार, विश्वभर करिब १५% महिला र ६% पुरुषमा हरेक वर्ष यो समस्या देखिन्छ । करिब १ अर्ब मानिस माइग्रेनबाट ग्रस्त छन्, जसमा १५ देखि ५५ वर्ष उमेर समूहका व्यक्तिहरू बढी पर्छन् ।

नेपालमा करिब १०-१२% वयस्कहरूमा यो समस्या रहेको अनुमान छ । महिलाहरूमा हर्मोनल उतार-चढाव र इस्ट्रोजेनको प्रभावका कारण यो समस्या बढी देखिन्छ ।

**माइग्रेनका कारणहरूः**

माइग्रेनको ठोस कारण अझै पूर्ण रूपमा पत्ता लागिसकेको छैन । यद्यपि, वैज्ञानिकहरूले यसलाई मस्तिष्कमा हुने असामान्य रासायनिक परिवर्तन र स्नायुहरूको अतिसंवेदनशील प्रतिक्रियासँग जोड्ने गरेका छन् ।

**मुख्य कारणहरू यसप्रकार छन्ः**

वंशानुगतः परिवारमा कसैलाई माइग्रेन छ भने अन्य सदस्यमा हुने सम्भावना दोब्बर हुन्छ ।

**केमिकल असन्तुलनः**

मस्तिष्कमा सेरोटोनिन (Serotonin) नामक न्यूरोट्रान्समिटरको स्तर घट्दा माइग्रेन सुरु हुन सक्छ ।

**हर्मोनल परिवर्तनः**

विशेष गरी महिलामा महिनावारी, गर्भावस्था वा मेनोपजको समयमा ।

तनावः मानसिक वा शारीरिक तनाव माइग्रेनको प्रमुख कारक हो ।

**निद्रामा अनियमितताः**

धेरै सुत्नु वा कम सुत्नु दुवैले समस्या निम्त्याउन सक्छ ।

**खानपानः**

कफी, रक्सी (विशेष गरी रेड वाइन), चकलेट, चिज, मोनोसोडियम ग्लुटामेट (MSG) युक्त खाना र प्रोसेस्ड मीट (ह्याम, सलामी आदि) ।

**वातावरणीय कारणः**

झिलिमिली उज्यालो, ठुलो आवाज, कडा गन्ध, मौसम वा उचाइमा हुने परिवर्तन ।

**लक्षणहरूः**

माइग्रेनका लक्षणहरूलाई मुख्यतया चार चरणमा बाँड्न सकिन्छः

**पूर्व लक्षण चरणः**

मन खिन्न हुनु, एकाग्रताको कमी, थकान, बारम्बार जम्हाइ आउनु, मूड परिवर्तन र कडा भोक लाग्नु वा खानामा अरुचि हुनु ।

**अउरा चरणः**

यो २०-२५ प्रतिशत बिरामीमा मात्र देखिन्छ । यसमा दृष्टि धमिलो हुने, चम्किला बिन्दुहरू देखिने, हातखुट्टा झमझम गर्ने वा बोल्न/सोच्न गाह्रो हुने गर्छ । यो चरण २० देखि ६० मिनेटसम्म रहन सक्छ ।

**मुख्य दुखाइ चरणः**

टाउकोको एकातिर वा दुवैतिर धड्किने गरी दुख्ने । यो दुखाइ ४ देखि ७२ घण्टासम्म रहन सक्छ । यस बेला वाकवाकी लाग्ने र उज्यालो वा आवाज सहन गाह्रो हुन्छ ।

**दुखाइपछिको चरणः**

दुखाइ निको भएपछि शरीरमा कमजोरी, मानसिक थकान र हल्का चक्कर लाग्ने हुन सक्छ ।

**रोकथामका उपायहरूः**

१. टाउको दुख्न थालेमा शान्त र अँध्यारो कोठामा आराम गर्ने ।
२. नियमित सुत्ने र उठ्ने तालिका कायम राख्ने ।
३. दैनिक पर्याप्त पानी (२-३ लिटर) पिउने र सन्तुलित आहार लिने ।
४. ट्रिगर गर्ने खानेकुराहरू (कफी, रक्सी, चकलेट, चिज आदि) कम गर्ने ।
५. तनाव व्यवस्थापनका लागि योग, ध्यान र गहिरो श्वासप्रश्वासको अभ्यास गर्ने ।
६. मोबाइल वा कम्प्युटरको स्क्रिनमा लामो समय नहेर्ने ।
७. दैनिक कम्तीमा ३० मिनेट हल्का व्यायाम गर्ने ।
८. डाक्टरको सल्लाह बमोजिम नियमित औषधि सेवन गर्ने ।
९. माइग्रेन डायरी राख्ने; जसले कुन कुराले माइग्रेन सुरु गर्छ (Trigger) भन्ने पत्ता लगाउन मद्दत गर्छ ।
१०. चर्को घाम, धेरै बास्ना आउने वस्तु (पर्फ्युम, तेल), धुम्रपान र मद्यपानबाट टाढा रहने ।

स्वास्थ्य खबरबाट

# नारायणगढ–मुग्लिन सडकमा पहिरोको उच्च जोखिम भएका ठाउँमा नियन्त्रणको काम गरिँदै



चितवन । नारायणगढ-मुग्लिन सडक खण्डका पहिरोको उच्च जोखिम भएका तीन ठाउँमा पहिरो नियन्त्रणको काम गरिने भएको छ । डिभिजन सडक कार्यालयले बोलपत्र आह्वान गरी ठेक्का प्रक्रिया अघि बढाएको छ।

सो सडकखण्डका नाम्सिखोला, कालिखोला र तुइन खोलामा पहिरो नियन्त्रणका काम गर्न लागिएको हो । कार्यालयका इन्जिनियर अर्जुन घिमिरेका अनुसार नाम्सिखोलाको दुवै तर्फको भित्तोमा पहिरो रोकथामको काम गरिँदैछ । नारायणगढबाट ३२ दशमलव एक किलोमिटर मुग्लिनतर्फ खोलो पर्दछ । जसको नारायणगढ तर्फको डाँडोको उचाइ १२० मिटर र मुग्लिन तर्फको उचाइ ९० मिटर रहेको छ।

यसैगरी, कालिखोलाको दायाँबायाँको भित्तोको पहिरो रोकथामको काम गरिने छ। नाम्सिखोलाबाट ५०० मिटर मुग्लिनतर्फ पर्ने यो खोलामा नारायणगढ तर्फको भित्ताको उचाइ ६० मिटर र मुग्लिनतर्फको उचाइ ५० मिटर छ । सोही सडकको तुइन खोलामा नारायणगढतर्फ रहेको १०५ मिटर अग्लो भित्तोको पहिरो रोकथामको कार्य अगाडि बढाइने भएको छ। यो ठाउँ नारायणगढबाट ३३ दशमलव नौ किलोमिटर टाढा रहेको छ।

इन्जिनियर घिमिरेका अनुसार यी तिनै ठाउँमा भित्तामा चार मिटर ड्रिल गरेर रड भित्र छिराएर बाहिरबाट तारा जालीले बाँधिने छ। यो प्रविधिलाई 'रक नेटिङ' भनिन्छ । भित्र रहेको रडले जाली अड्याउने र जालीले ढुङ्गामाटो भित्र अड्याउँछ। घिमिरेका अनुसार जाली लगाएपछि बायोइन्जिनियरिङ विधिको प्रयोग गरी पुरै डाँडो हरियाली बनाइने छ।

यो सडक खण्डमा रहेका ४३ वटा पहिरोको जोखिम ठाउँमध्ये तीन उच्च जोखिमका ठाउँलाई मात्र पहिरो रोकथामका लागि बजेट पुगेको हो । क्रमशः बजेट सुनिश्चित भएसँगै अन्य ठाउँको पहिरो रोकथामको काम गरिने छ । ती तीन वटा पुललाई दुईवटा प्याकेज बनाएर सडक कार्यालयले बोलपत्र आह्वान गरेको हो।

इन्जिनियर घिमिरेका अनुसार पहिलो प्याकेज तुइनखोला र नाम्सिखोलाको मुग्लिनतर्फ पर्दछ । यसको बैशाख २५ गते बोलपत्र आह्वान गरिएको छ । दोस्रो कालिखोलाको दुवैतर्फ र नाम्सिखोलाको नारायणगढतर्फको बैशाख २९ गते बोलपत्र आह्वान गरिएको हो।

यी दुवै प्याकेजको बजेट रु ४२ करोड ४० लाख रहेको छ।

खरिद प्रक्रिया पूरा गरी काम गर्दा असारको अन्तिम साता पुग्ने अनुमान छ। ठेक्का लागेसँगै सुरुमा झर्न लागेका माटाका ढिस्का र ढुङ्गा झारिने घिमिरेले जानकारी दिए । बर्सातको समयमा पानी पर्दा हिलोसहितको पहिरो र घाम लाग्दा सुक्खा पहिरो खस्ने गर्दछ। यो सडक हुँदै दैनिक १० हजार हाराहारी सवारीसाधन आवतजावत गर्दछन् । राजधानी प्रवेश गर्ने र बाहिरिने मुख्य सडकका रूपमा यो रहेको छ।

# विद्युतीय सवारी साधन (इभी) आयात गर्दा अर्बौं रुपैयाँ राजस्व छली




बुटवल । विद्युतीय सवारी साधन (इभी) आयात गर्दा कागजातमा गाडीको वास्तविक क्षमता (मोटर पावर) लुकाएर अर्बौं रुपैयाँ राजस्व छली गरेको फेला परेको छ । एमएडब्ल्यू ग्रुप अफ कम्पनीजका प्रबन्ध निर्देशक विष्णुकुमार अग्रवालले दीपल र नामी ब्रान्डका इभी गाडी आयात गर्दा किलोवाट घटाएर भन्सार छली गरेको पाइएको हो।

महालेखा परीक्षकको प्रतिवेदनअनुसार उनले नेपाल ल्याउने गाडीलाई कम क्षमताको देखाएर रसुवा र तातोपानी भन्सार कार्यालयबाट २ अर्ब ५० करोड ८३ लाख १६ हजार रुपैयाँ राजस्व छली गरेका हुन् । नेपाल उद्योग परिसंघका पूर्व अध्यक्ष समेत रहेका अग्रवालको कम्पनी एमएडब्लुले दीपल र नामी ब्रान्डका गाडीमा यस्तो तथ्य फेला परेपछि यसबारे छानबिन गरी असुल गर्न महालेखाले अर्थ मन्त्रालयलाई निर्देशन दिएको छ।

विद्युतीय सवारीसाधन भन्सार महसुल ऐन अनुसार पैठारी भएका विद्युतीय सवारीसाधनको पिक मोटर पावर ५० देखि १०० किलोवाटसम्म भएमा भन्सार उपशीर्षक ८७०३.८०.५१ (अनएसेम्बल), ८७०३.८०.५९ (अन्य)बाट जाँचपास गरी २० प्रतिशत भन्सार महसुल, १५ प्रतिशत अन्तःशुल्क लाग्छ। मूल्य अभिवृद्धि कर तथा मोटर क्षमता १०० देखि २०० किलोवाट भएमा भन्सार उपशीर्षक ८७०३.८०.६९ बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल, २० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाउनुपर्ने व्यवस्था छ।

आयातकर्ताले विद्युतीय सवारीसाधन नेपाल ल्याउँदा पेस गरेको बीजकमा पिक पावरको आधारमा भन्सार जाँचपास हुने गरेकोमा जडित मोटरको क्षमताको प्राविधिक जाँच नगरेको पाइएको हो । यसबारे यातायात व्यवस्था विभागबाट मोटर क्षमता जाँच नगरी ती सवारीसाधन सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र मात्र दिने गरेको देखिन्छ । पिक मोटर पावरको क्षमता घोषणा गरेपनि प्राविधिक परीक्षण नभएको साथै उत्पादक देशको मापदण्डबमोजिम विद्युतीय सवारीसाधनका उत्पादक वा अन्य आधिकारिक स्वतन्व जाँचकीबाट मोटर क्षमतालाई पुष्टि गर्ने परीक्षण रिपोर्ट संलग्न छैन। ती सवारीसाधनको उत्पादक कम्पनीको वेबपेजमा रहेका क्याटलग तथा अन्य देशमा गरेको निर्यातको विवरणको आधारमा पैठारी भएका विभिन्न मोडलका सवारीसाधनहरू १०० किलोवाटदेखि २०० किलोवाटसम्म क्षमताको समेत रहेको देखिन्छ। सो बमोजिम भन्सार उपशीर्षकबाट जाँचपास गर्नुपर्नेमा रसुवा र तातोपानी भन्सार कार्यालयबाट पैठारी भएका सवारीसाधनहरूको घोषणाबमोजिम क्षमता ९९.९ र १०० किलोवाट उल्लेख गरी भन्सार उपशीर्षक अनएसेम्बल र भन्सार उपशीर्षक अन्य अन्तर्गत जाँचपास भएको छ।

आधिकारिक उत्पादकले प्रकाशन गरेको सवारीसाधनको प्राविधिक स्पेसिफिकेसन तथा मोटर क्षमता जाँच, डाइनामोमिटर टेष्ट तथा ती सवारीसाधन उत्पादक देशका निर्धारित मापदण्डसमेतको परीक्षणबाट मोटर क्षमताको प्राविधिक परीक्षणसमेत गरी रसुवा भन्सार कार्यालयबाट १ अर्ब २७ करोड २७ लाख ९१ हजार रुपैयाँ र तातोपानी भन्सार कार्यालयबाट १ अर्ब २३ करोड ५५ लाख २५ हजार रुपैयाँसहित २ अर्ब ५० करोड ८३ लाख १६ हजार छुट महसुल तथा करका सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्ने महालेखाको प्रतिवेदनमा उल्लेख छ।

उक्त प्रतिवेदनअनुसार तातोपानी तथा रसुवा भन्सार कार्यालयबाट आयातकर्ताले चीनबाट पैठारी गरेको जिकर एक्स मोडलको सवारीसाधन पिक मोटर पावर २०० किलोवाट उल्लेख गरी भन्सार उपशीर्षकबाट जाँचपास गरेको छ । उक्त सवारीसाधन उत्पादकको वेबपेजमा रहेका क्याटलग लगायतमा चीन वा अन्य देशहरूमा निकासी गरेका मालवस्तुको विवरण परीक्षण गर्दा उक्त मोडलको सवारीसाधनको ब्याट्री क्षमता ६६ किलोवाट, अधिकतम टर्क ५१२ एनएम, रियर ह्विल ड्राइभ र पिक मोटर क्षमताको हकमा २७२ पिएस-प्फर्डस्टर्क (अश्व शक्ति) अर्थात् २००.०६ किलोवाट हुने देखिन्छ।

भन्सार उपशीर्षक ८७०३.८०.७९ (२०० देखि ३०० किलोवाट सम्म) मा ६० प्रतिशत भन्सार महसुल, ३५ प्रतिशत अन्तःशुल्क लगाउनुपर्नेमा न्यून दरबन्दी लगाई जाँचपास गर्दा छुट भएको तातोपानी भन्सार कार्यालयको १९ करोड ६७ लाख ३० हजार रुपैयाँ तथा विभिन्न पैठारीकर्ताले पैठारी गरेका डिल र ज्याक्व जे ६, एभटर ११ र एक्स पिङ्ग मोडलका सवारीसाधनको आधिकारिक कम्पनीको वेबपेजमा उपलब्ध क्याटलगको विवरणमा डिपल ई ०७ पिक मोटर पावर २५२ किलोवाट र ज्याकब जे ६ को पिक मोटर पावर २०५ किलोवाट र अन्यको २०० भन्दा बढी किलोवाट भएकोमा २०० भन्दा कम क्षमताको मोटर देखाइ भन्सार उपशीर्षक ८७०३.८०.६९ (पिक मोटर पावर १०० देखि २०० किलोवाट) बाट जाँचपास गर्दा छुट भएको तातोपानीको ९ करोड २१ लाख २५ हजार र रसुवा भन्सार कार्यालयको ८१ करोड २० लाख ८८ हजारसमेत ९० करोड ४२ लाख १३ हजारसहित कुल जम्मा १ अर्ब १० करोड ९ लाख ४३ हजार यकिन गरी असुल गर्न निर्देशन दिइएको छ।

त्यस्तै, तातोपानी भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले चीनबाट नामी बक्स गाडी पैठारी गरेकोमा पिक मोटर पावर ५० किलोवाट उल्लेख गरी जाँचपास गरेको छ । उक्त गाडीको वास्तविक पिक मोटर पावर सम्बन्धमा यातायात व्यवस्था विभागले समेत परीक्षण गरेको छैन । ती गाडीको उत्पादक कम्पनीको नेपाली संस्करणडोफेङ्ग नेपालको वेबपेजमा उपलब्ध ब्रोसरमा उक्त सवारीसाधनको अन्य सबै विशेषता समान रहेको र पिक मोटर क्षमता ७० किलोवाट रहेको देखिन्छ । साथै पैठारीकर्ताले समेत अन्य विभिन्न कारोबारमा सोही मोडलको सवारीको पिक मोटर क्षमता ५० देखि १०० सम्म रहेको भनी उपशीर्षक ८७०३.८०.५९ बाट समेत जाँचपास गरेको देखिन्छ।

उक्त सवारीसाधनलाई भन्सार उपशीर्षक ८७०३.८०.५९ (विद्युतीय मोटरको पिकअप पावर ५० किलोवाटभन्दा बढी तर १०० किलोवाट ननाघेको कार, जीप, भ्यान) बाट जाँचपास गरी भन्सार महशुल २० प्रतिशत र अन्तःशुल्क १५ प्रतिशतअनुसार हुने महसुल १७ करोड ४१ लाख २९ हजार रुपैयाँका सम्बन्धमा छानबिन गरी असुल गर्न भनिएको छ।

तातोपानी भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले चीनबाट पैठारी गरेको एक्स ३० एलईभी प्यासेन्जर भ्यान को पिक मोटर पावर ५० किलोवाट देखाई भन्सार उपशीर्षक ८७०३.८०.२९ बाट जाँचपास गरेको छ। उक्त सवारीसाधनको उत्पादक वा अन्य स्वतन्त्र जाँचकीबाट मोटर क्षमतालाई पुष्टि गर्ने टेष्ट रिपोर्ट संलग्न छैन। उत्पादक कम्पनीसमेतको वेबपेजमा रहेका क्याटलगलगायतमा चीन वा अन्य देशहरूमा निकासी गरेका मालवस्तुको विवरण परीक्षण गर्दा उक्त मोडलको सवारीसाधनको ब्याट्री क्षमता ४१.८६ तथा ३२.१४ किलोवाट र भ्यानको कुल पिक मोटर पावर ६० किलोवाट रहेको देखिन्छ। साथै नाडा अटो शोको अनलाइन ब्रोसर र वेबपेजमा समेत उक्त भ्यानको पिक मोटर पावर ६० किलोवाट रहेको उल्लेख भएको आधारमा भन्सार उपशीर्षक ८७०३.८०.५९ (विद्युतीय मोटरको पिकअप पावर ५० किलोवाट भन्दा बढी तर १०० किलोवाट ननाघेको कार, जीप, भ्यान) अन्तर्गत जाँचपास गरी भन्सार महसुल २० प्रतिशत र अन्तः शुल्क १५ प्रतिशत लगाई छुट भएको ९ करोड ८० लाख ५१ हजार छानबिन गरी असुल गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

# एक हजार १८१ ले लिए हिमाल आरोहणको अनुमति



बुटवल । यसवर्षको वसन्त ऋतुमा विभिन्न हिमाल आरोहणका लागि अनुमति लिने विदेशीको संख्यामा वृद्धि भइरहेको छ।

पर्यटन विभागका अनुसार सन् २०२६ को वसन्त ऋतुमा हिमाल आरोहणका लागि ७९ देशका एक हजार १८१ आरोहीले अनुमति लिएका छन् । विभागका सूचना अधिकारी हिमाल गौतमले सबैभन्दा धेरै सगरमाथा आरोहणका लागि अनुमति प्रदान गरिएको जानकारी दिए। हालसम्म सगरमाथा आरोहणका लागि ५५ देशका ४९४ आरोहीले अनुमति लिएका छन्।

सगरमाथा आरोहणका लागि सबैभन्दा धेरै १०९ चिनियाँ नागरिकले अनुमति लिएका छन्। यसबाहेक सगरमाथाकै लागि अमेरिकाका ७७, भारतका ६१, बेलायतका ३२, रसियाका १८, अष्ट्रेलियाका १५, जापानका १४, नेपालका १२, ब्राजिलका १० जनाले अनुमति लिएको सूचना अधिकारी गौतमले बताए।

यसबाहेक, ल्होत्सेका लागि १४३, आमादब्लमका लागि १११, नुप्त्सेका लागि ५६, हिम्लुङका लागि ४६, कञ्चनजङ्घाका लागि ३६, धवलागिरिका लागि ३० जनाले अनुमति लिएका छन्। यसबाहेक अन्य हिमाल आरोहणका लागि पनि अनुमति जारी भएका छन्।

पर्यटन विभागले छ हजार ५०० मिटरभन्दा माथिका हिमाललाई आरोहणका लागि अनुमति दिँदै आएको छ। पाँच हजार ८०० देखि छ हजार ५०० सम्मका हिमाल आरोहणको अनुमति भने नेपाल पर्वतारोहण सङ्घ (एनएमए)ले दिने गरेको छ।

विभागले यस वर्ष विभिन्न हिमाल आरोहणका लागि अनुमति प्रदान गरेबापत एक अर्ब २५ करोड ८४ लाख ६० हजार ५५४ रुपैयाँ राजस्व सङ्कलन गरेको छ । विभागले सबैभन्दा सगरमाथाबाट एक अर्ब सात करोड ८६ लाख ९१ हजार ४७५ रुपैयाँ राजस्व सङ्कलन गरेको छ।

त्यसबाहेक, ल्होत्सेबाट छ करोड ३६ लाख २७ हजार ७००, आमादब्लमबाट एक करोड ६६ लाख नौ हजार २००, कञ्चनजङ्घाबाट एक करोड ६० लाख ८१ हजार ६५०, धवलागिरि प्रथमबाट एक करोड ३४ लाख ५४ हजार ५५०, अन्नपूर्ण प्रथमबाट एक करोड २० लाख ४९ हजार १७५ रुपैयाँ राजस्व सङ्कलन भएको छ।

विभिन्न हिमाल आरोहण सुरु भइसकेकामा सगरमाथाको आरोहण भने यही बैशाख ३१ गतेबाट सुरु भएको छ। डोरी टाँग्ने र बाटो बनाउने काम सम्पन्न भएसँगै आरोहीहरूले आरोहण गर्ने क्रम जारी छ। पछिल्लो समय विश्वको सर्वोच्च शिखर सगरमाथालगायत नेपालका हिमालमा आरोहणमा विदेशीहरूको आकर्षण बढेको हो।

अनुसूची १५

(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/०६

बकडेरिया सामुदायिक वन उपभोक्ता समूह, बुद्धभूमि न.पा. -०२, कपिलवस्तुको वन क्षेत्रबाट नियमानुसार आ.व.२०८२/०८३ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा सा.व.उ.स.को घाटगद्दीमा लट बनाई राखिएको सिसौ, खयर, साल जातको जम्मा गोलिया थान १०८८ को २०९१.१३ क्यु.फि. काठ र ३ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रित पुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोलपत्र खरिद गरी २२ औं दिनभित्रमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना-पाटीमा टाँस गरिएको छ।

श्री बकडरिया सामुदायिक वन उपभोक्ता समूह

बुद्धभूमि न.पा -०२, कपिलवस्तु

**सरकारको...**

मानव अधिकार रक्षकहरूको टोलीले बाँकेका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख तथा राष्ट्रिय मानव अधिकार आयोग नेपालगञ्ज कार्यालय प्रमुखसँग समेत भेट गरी रुवी खाँनको स्वास्थ्य अवस्था र उनले उठाएका मागबारे जानकारी गराएको जनाएको छ।

प्रेस विज्ञप्तिमार्फत् मानवअधिकार रक्षकहरूले नागरिकको बाँच्न पाउने अधिकार र स्वास्थ्यको अधिकारको सम्मान गर्दै खाँनको स्वास्थ्य अवस्थाप्रति गम्भीर हुन तथा उनले उठाएका विषयमा कानुनसम्मत ढंगबाट समाधान खोज्न सम्बन्धित पक्षलाई आग्रह गरेका छन् । त्यसै गरी रुवी खाँनलाई पनि आफ्नो स्वास्थ्य र जीवनको संरक्षणलाई प्राथमिकतामा राख्दै मानव अधिकारका मूल्य, मान्यता र सिद्धान्तअनुरूप आन्दोलनका वैकल्पिक तथा संवादमुखी उपाय अवलम्बन गर्न अनुरोध गरिएको छ।

विज्ञप्तिमा मानवअधिकारको संरक्षण र न्यायको खोजी जीवन तथा स्वास्थ्यको सुरक्षासँगै अघि बढ्नुपर्ने साझा जिम्मेवारी भएको उल्लेख गरिएको छ।

प्रेस विज्ञप्तिमा वरिष्ठ अधिवक्ता तथा सार्वजनिक सरोकार कानुन व्यवसायी समूहका संयोजक सुनिलकुमार श्रेष्ठ, नेपाल पत्रकार महासंघ बाँकेका अध्यक्ष नवीनकुमार गिरि, इन्सेक लुम्बिनी प्रदेशका प्रदेश संयोजक भोला महत, एडभोकेसी फोरम नेपालका वरिष्ठ प्रदेश संयोजक वसन्त गौतम तथा सूचना र मानवअधिकार अनुसन्धान केन्द्रका अध्यक्ष विश्वजित तिवारीको हस्ताक्षर छ।

**पोखराबाट...**

भारतीय नागरिक बिरामी पर्दा उद्धारकै रूपमा भए पनि पहिलो पटक पोखराबाट भारततर्फ जहाज उड्नुलाई विमानस्थल प्रशासनले अर्थपूर्ण रूपमा हेरेको छ। प्रमुख निरौलाले बिरामीकै कारण भए पनि भारततर्फ उडानको ढोका खुलेको र यसले भोलिका दिनमा थप समन्वयका लागि सहजता ल्याउन सक्ने विश्वास व्यक्त गरे।

२०७२ सालमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बन्ने निर्णय हुँदा र पछि शिलान्यास हुँदा पोखरावासीमा ठूलो उत्साह थियो।

तर, भूराजनीतिक चपेटा र प्रभावकारी कूटनीतिक पहलको अभावमा उद्घाटनको लामो समयसम्म पनि यहाँबाट नियमित अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन।

चीनको ऋण लगानीमा निर्माण भएका कारण भारतले यहाँबाट हुने उडानलाई अनुमति नदिएको कतिपय जानकारहरूको विश्लेषण रहँदै आएको छ। सन् २०१४ मा नेपाल नागरिक उड्डयन प्राधिकरण र चाइना सीएएमसी इञ्जिनियरिङपबच विमानस्थल निर्माणको सम्झौता भएको थियो।

त्यसपछि सन् २०१६ मा नेपाल सरकार र चाइना एक्जिम बैङ्कबीच २१६ मिलियन अमेरिकी डलर ऋण लिने र सीएएमसीले 'टर्न की प्रोजेक्ट' का रूपमा निर्माण गर्ने सहमति भएको थियो।

२२ अर्ब लगानी भएको भनिएको यो विमानस्थल अहिले भ्रष्टाचारको दलदलमा रहेको चर्चा छ भने धमाधम मुद्दा दायर पनि भइरहेका छन्।

विमानस्थलको निर्माणमा भएको भ्रष्टाचार र भूराजनीतिक मारका कारण अहिलेसम्म नियमित उडान हुन नसकेकोमा पहिलो पटक एक भारतीय नागरिक बिरामी परेको अवस्थामा चार्टर उडान सम्भव भएको हो।

ECHS कार्ड हराएको सूचना

मेरो निम्न विवरण भएको भारतीय सैनिक 3/4 पल्टनको ECHS कार्ड यही मिति २०८२।१२।०१ गते मणिग्रामदेखि बुटवल फूलबारी जाँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

Name: Min Bahadur Pun
Address: Tilottama-6, Rupandehi
Contact no: 9766815569
TS: 111239
PPO: 33790
Army no: 5338175 (HAV)

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी



**कृषकलाई कृषि औजार वितरण गरिँदैः**

म्याग्दीको मङ्गलाका गाउँपालिकाको केन्द्र बाबियाचौरमा मङ्गलबार किसानहरुलाई कृषि औजार वितरण गरिँदै। ५० प्रतिशत अनुदानमा एकसय ४९ वटा मिनिटेलर हलो, ३५ वटा मिल र ११ थान थ्रेसर वितरण गरेको छ। तस्विरः रासस

# सन्धिखर्कमा दलित महिला सरोकारवालासँग छलफल



अर्घाखाँची । अर्घाखाँचीको सन्धिखर्क नगरपालिका वडा नं. १० मा सामाजिक न्यायका लागि रुपान्तरण अभियानअन्तरगत हाम्रो शाहस परियोजनाद्वारा दलित महिला संघ र युएन वुमनको सहकार्यमा दलित चेतना विकास परिषद् नेपाल, अर्घाखाँचीले सरोकारवालासँग छलफल गरेको छ।

ग्रामीण र पिछडिएका समुदायमा सामाजिक न्याय र सशक्तिकरणका लागि समुदायका अगुवाहरूसँग यो कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रम सन्धिखर्क नगरपालिका वडा नं. १० का अध्यक्ष मोहनसिंह ठकुरीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा मन्तब्य राख्दै अध्यक्ष ठकुरीले समाज रूपान्तरण परिवर्तन गर्नको लागि सबैको भूमिका महत्त्वपूर्ण हुने बताउँदै समाजमा रहेका कुसंस्कार कुरीतिलगायतका समाजविरोधी परम्परा त्याग गरी समाजलाई एकताबद्ध बनाउन समतामूलक समाज निर्माण गर्न सबै लाग्नुपर्ने बताए।

कार्यक्रममा संस्थाको तर्फबाट राधा नेपालीले दलित महिला संघले महिलावादी अभियान, समावेशी सशक्तिकरण, र जातीय, लैङ्गिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षेत्रमा काम गर्दै आएको बताउँदै संस्थाले समुदायसँग मिलेर विभिन्न परियोजनाहरू सञ्चालन गर्ने र महिला सशक्तिकरण तथा दिगो विकासमा जोड दिने बताइन्। नेपालीका अनुसार संस्थाले 'हाम्रो साहस परियोजना' अन्तर्गत सामाजिक हानिकारक मूल्यमान्यता न्यूनीकरण एवं लैङ्गिक समानताका लागि सामाजिक मूल्यमान्यता परिवर्तन परियोजना सञ्चालन गरिरहेको छ। यस परियोजनाको मुख्य लक्षित वर्गमा महिला, दलित समुदाय र युवाहरू रहेका छन्। यसको उद्देश्य सामाजिक कुरीति न्यूनीकरण, संस्थागत क्षमता अभिवृद्धि र लैङ्गिक हिंसा न्यूनीकरण गर्नु हो।

कार्यक्रमले महिला तथा पछाडि पारिएका समुदायको सशक्तिकरणमा थप सुदृढीकरण गर्ने विश्वास लिइएको छ। परम्परागत सोच र व्यवहार परिवर्तन गर्न यो कार्यक्रम महत्वपूर्ण हुने राधा नेपालीले बताइन्।

उनले न्यायबाट टाढा रहेका र बेसहारा अवस्थामा जीवन बिताइरहेका अन्याय तथा हिंसामा परेका महिलाहरूलाई जीविकोपार्जनसँग जोड्न सबैको सहयोग आवश्यक रहेकोमा जोड दिइन्।

आर्थिकरूपमा कमजोर महिलाहरूलाई सशक्त बनाउँदै उनीहरूको आत्मबल र अधिकारको पुनःस्थापनामा समेत उनले जोड दिइन्। कार्यक्रममा वडा सदस्य हरिलाल पराजुली ईश्वरी मरासिनी तारा चौहान नेपाली, रामजी मरासिनी, गीता आचार्य, डिलबहादुर बिसि, मञ्जु विक, पत्रकार अनिल नेपालीलगायतले आफ्ना धारणा राखेका थिए।

# बालुवा तथा रोडाको मूल्य किन बढाइयो ?



बुटवल । काठमाडौंसहित देशभर सिमेन्ट र डन्डीको भाउ घट्दा बालुवा तथा रोडाको भने बढेको छ। इँटाको मूल्य भने स्थिर देखिन्छ।

सरकारी ठेक्कामार्फत् हुने विकास निर्माण र व्यक्तिगत निर्माणको काम अपेक्षाकृत ढंगले नबढ्दा उत्पादनमूलक उद्योगहरुले सिमेन्ट र डन्डीको भाउ घटेको हो।

पछिल्लो समय सरकारले निर्माण व्यवसायीमाथि धरपकड गरेको घटनाले निर्माण क्षेत्र त्रसित बन्दा माग बढ्न नसकेको देखिन्छ। जसको असर सिमेन्ट र डन्डीको मूल्यमा देखिएको छ। सिमेन्टको मूल्य बोरामा एक सय रुपैयाँभन्दा बढीले घटेको छ।

पीपीसी सिमेन्टको फ्याक्ट्री मूल्य अहिले प्रतिबोरा ५६५ रुपैयाँ हाराहारी पर्छ। सिमेन्ट उद्योगको दूरीअनुसार त्यसमा ढुवानी खर्च ८० देखि १८६ रुपैयाँसम्म थपिन्छ। जसका कारण काठमाडौंमा पीपीसी सिमेन्टको प्रतिबोरा मूल्य उपभोक्तालाई ६४५ देखि ७५० रुपैयाँसम्म पर्न जाने व्यापारी बताउँछन्।

यस्तै, ओपीसी सिमेन्टको मूल्य पीपीसीभन्दा ९० देखि १०० रुपैयाँ बढीमा बिक्री भइरहेको छ। नेपाल निर्माण सामग्री व्यापार संघ, काठमाडौंका उपाध्यक्ष विकास बज्राचार्यले उद्योगीहरुले विभिन्न कारण देखाएर सिमेन्ट र डन्डीको मूल्य घटबढ गर्ने गरेको बताए।

अमेरिकी डलरको दर, कच्चापदार्थ तथा त्यसको ढुवानी लागतमा भएको मूल्यवृद्धिका कारण सिमेन्ट र डन्डीको भाउमा प्रत्यक्ष असर परेको थियो। सिमेन्ट उत्पादन गर्न चाहिने चुनढुंगामा नेपाल आत्मनिर्भर भए पनि जिपसम, कोइलालगायत आयात गर्नुपर्छ। पछिल्लो समय यी कच्चा पदार्थको मूल्य पनि बढेको छ। माग पनि घट्ने र मूल्य पनि बढी हुँदा सञ्चालन खर्चसमेत उठाउन नसक्ने देखेर उद्योगीहरुले सिमेन्ट र डन्डीको मूल्य घटाएका हुन्।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष निकोलस पाण्डेले निर्माण क्षेत्रमा गम्भीर संकट उत्पन्न भएको बताउँदै आएका छन्। सरकारले कानुनअनुसारको मूल्य समायोजन सुविधा नदिएको र भुक्तानी रोकिएको तथा निर्माण व्यवसायीमाथि मानसिक दबाब बढाइएको भन्दै निर्माण क्षेत्र स्वतः ठप्प हुने अवस्थामा पुऱ्याइएको भन्दै दुःखेसो प्रकट गरे। यस्तै, डन्डीको मूल्य केही समयअघि किलोको ११८ रुपैयाँसम्म पुगेकामा अहिले ब्रान्डअनुसार १०० रुपैयाँ हाराहारीमा पाइने बज्राचार्यले जानकारी दिए। इँटाको मूल्य प्रतिगोटा १६ रुपैयाँसम्म पर्छ। धेरै मोटो नहुने भक्तपुरे इँटाको मूल्य साढे १३ रुपैयाँसम्म पर्ने व्यवसायी बताउँछन्।

सिमेन्ट र डन्डीको मूल्य घटे पनि बालुवा र रोडाको भाउ पनि बढेको छ। बज्राचार्यका अनुसार क्रसर सञ्चालन गर्न चाहिने इन्धनको मूल्य बढ्दा उत्पादन लागत बढ्न पुगेको छ। साथै, इन्धनको मूल्यमा भएको वृद्धिका कारण ढुवानी खर्च पनि बढेकाले बालुवा र रोडाको भाउ प्रतिटिपर चार हजार रुपैयाँसम्म महँगिएको छ।

बालुवाको मूल्य यसअघि प्रतिटिपर २५/२६ हजार रुपैयाँ पर्नेमा अहिले बढेर २९/३० हजार रुपैयाँ पुगेको छ। रोडाको भाउ प्रतिटिपर २८ हजार रुपैयाँ पर्नेमा बढेर ३१/३२ हजार रुपैयाँ पुगेको बज्राचार्यले जानकारी दिए।

## रूपन्देही सुपरलिगः मेलवर्नलाई हराएपछि जेआरलाई रेलिगेशनबाट जोगिने आश




भैरहवा। रुपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा जारी 'पंचकन्या रुपन्देही सुपरलिग' अन्तर्गत 'ए' डिभिजनको मंगलबारको खेलमा जेआर क्रिकेट क्लब विजयी भएको छ।

उसले मेलवर्न क्रिकेट एण्ड स्पोर्टिङ क्लबलाई १ विकेटले हराउँदै जित निकालेको हो। हारका बाबजुत मेलवर्न सेमिफाइनल पुगिसकेको छ भने आजको जितले जेआर रेलिगेशनबाट जोगिने झिनो आशा अझै बाँकी छ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङमा आएको मेलवर्नले निर्धारित ५० ओभरको खेलमा २६ ओभर ३ बल खेल्दै सबै विकेट गुमाएर जम्मा ९० रन बनायो। उसलाई सस्तैमा रोक्न जेआरका विनय जिसीले ४, अनमोल श्रीस थापाले ३ र दिनेश विष्टले २ विकेट लिए।

मेलवर्नका अशोक धामीले २६, आदित्य यादवले २४ र अस्मान थारुले २० रन बनाए। उसका ५ खेलाडी शून्य रनमै पेभेलियन फर्किए।

जवाफी ब्याटिङ गरेको जेआरले ३० ओभरमा ९ विकेट गुमाएर ९१ रन बनाउँदै जित निकाल्यो। उसको जितमा विशाल भुसालले २७, खडक बोहराले २० र डालबहादुर क्षेत्रीले अविजित १९ रन बनाए। मेलवर्नका अशोक धामी र विपिन आचार्यले ३-३ तथा रामजी कुर्मीले २ र आरिफ अहमदले १ विकेट लिए।

खेलमा विनय जिसी प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

प्रतियोगिताको विजेता टिमले १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन्। यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट व्याटर, बेस्ट बलर र उदीयमान खेलाडीले जनही ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले जानकारी दिए।

# विद्यार्थी संगठन खारेजीविरुद्ध सर्वोच्चमा रिट

बुटवल। नेपाल विद्यार्थी संघ (नेवि संघ) का नेताहरू विश्वविद्यालय तथा क्याम्पस परिसरबाट विद्यार्थी संगठन हटाउने सरकारी निर्णयविरुद्ध सर्वोच्च अदालत पुगेका छन्। नेविसंघका केन्द्रीय कार्यालयका मुख्य सचिव विजय खड्का र नेता हृदयराज मिश्रले विद्यालय संगठन हटाउने सरकारी निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दिएका हुन्।

रिटमा उत्प्रेषण, परमादेश, प्रतिषेधलगायत उपयुक्त आदेश जारी गर्न माग गरिएको छ। रिटको विपक्षीमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, शिक्षा मन्त्रालय, विश्वविद्यालय समन्वय समिति तथा विभिन्न विश्वविद्यालयका उपकुलपतिहरूलाई बनाइएको छ।

बैशाख १३ गते संघीय सरकारका 'शासकीय सुधारका १०० कार्यसूची'मा विश्वविद्यालय तथा क्याम्पसबाट दलसम्बद्ध विद्यार्थी संगठन हटाउने निर्णय उल्लेख थियो। उक्त निर्णय संविधानविपरीत भएको जिकिर गर्दै नेविसंघका नेताहरू सर्वोच्च अदालत पुगेका हुन्।

निवेदकमा नेपालको संविधानको धारा १७ र १८ अनुसार विचार तथा अभिव्यक्ति स्वतन्त्रता, संघ-संस्था खोल्ने अधिकार तथा राजनीतिक सहभागिताको हक सुनिश्चित गरिएको उल्लेख गरिएको छ।

विद्यार्थी संगठनमाथि मात्रै प्रतिबन्ध लगाइनु समानताको सिद्धान्तविपरीत भएको दाबी पनि रिटमा गरिएको छ।

राम्रो घडेरी बिक्रीमा
तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट
स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।
सम्पर्क नम्बरः ९८०१८२७९५०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com